सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल,डोटी, नेपाल

फोन:०९४-४४०१३२
फोन:०९४-४४०१४६
फोन:०९४-४४००६३
Email:dolfddoti75@gma

प.सं.:२०८२।०८३
च.नं. १४८

मितिः- २०८२।१२।१०

श्री नौवटै जिल्ला, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु
सुदूरपश्चिम प्रदेश ।

विषयः सूचना टाँस सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस निर्देशनालयको आ.व २०८२/८३को बार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपन्छी तथा मत्स्य प्रबर्दनका लागि यान्त्रिकरण सहयोग कार्यक्रमको सूचना र कृषि यान्त्रिकरण अनुदान परिचालन कार्याविधिको २०७६को अनुसूची यसै पत्रासाथ संलग्न गरि पठाएको छ उक्त सूचना तहाँ विज्ञ केन्द्रको सूचना पाटीमा टाँस गरिदिन हुन अनुरोध छ । साथै जिल्ला स्थित स्थानीय तह पशुसेवा शाखालाई पनि सूचना टाँसको लागि पठाईदिन हुन अनुरोध छ र उक्त सूचना टाँस गरेको जानकारी निर्देशनालयलाई गराईदिन अनुरोध छ।

<u>बोधार्थ</u>
श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

०८२/१२/१०.
डा. बिनोद बहादुर कठायत
नि. महानिर्देशक

“व्यावसायिक र श्रृजनशिल प्रशासन :, विकास, समृद्धि र सुशासन”

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल, डोटी

**बिषयः पशुपन्छी तथा मत्स्य प्रबर्दनका लागि यान्त्रिकरण सहयोग कार्यक्रमको लागी आवेदन पेश गर्ने सम्वन्धी सूचना।**
**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१०**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्विकृत कार्यक्रम पशुपन्छी तथा मत्स्य प्रबर्दनका लागि यान्त्रिकरण सहयोग कार्यक्रम अन्तर्गत पशुपन्छी तथा मत्स्य व्यवसाय स्थापनाका लागि आवशयक यन्त्र उपकरणहरु अनुदानमा वितरण गर्ने कार्यका लागी तपशिल अनुसारका यन्त्र उपकरण कार्यलयबाट छनौट भएका आपूर्तिकर्ताहरुबाट अनुदानमा लिनको लागि कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि प्रथम संशोधन ,२०७६ ,को २०७७ अनुसुची १ख व्यक्तिगत कृषक र कृषक समुह र उपभोक्ता समूहको लागी र अनुसुची १ ग कृषि वा बहुउद्देशिय सहकारी संस्था, निजि कृषि फर्म वा कम्पनि र कृषि उधमीका लागी आवश्यक पर्ने सम्पुर्ण कागजातहरु उपभोक्ता आफैले प्रमाणित गरी कार्यविधिको अनसुची ४ (क) अनुसारको निवेदन र अनुसूची ४ (ख) अनुसारको प्रस्ताव फारम पूर्ण रुपमा भरी यस निर्देशनालयमा सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय सयममा निम्न अनुसारका शर्तहरु पालना गर्ने गरी र स्पष्ट रुपमा खुल्ने गरी पुर्ण विवरण भरिएको अनुसूची फारम साथै अन्य आवश्यक कागजात संलग्न राखी नौ वटै जिल्लाका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र निर्देशनालय दिपायल डोटीमा निवेदन पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । अनुसुची ४-क र अनुसुची ४ ख अनुसार आवेदन भर्दा सामग्रीको मुल्यअनुदान माग गरेको रकम र यस कार्यालयले आपुर्तिकर्ता छनौट गरिसकेपछि कायम गरेको अनुदान रकम फरक परेमा औजार उपकरण उपलब्धका लागी सिफारिस गर्दा कार्यालयले कायम गरेको अनुदान रकम अनुसार परिमार्जन गरिनेछ ।

<u>तपशिल</u>

| | | | | | |
|---|---|---|---|---|---|
| १. एरिएटर | २. फ्रिज | ३. काउम्याट,गोवर फ्याक्ने व्हीलब्यारो | ४. च्याफ कटर | ५. माछामार्ने जाल | ६प्यालेट फिड मेसिन |
| ७. ऐग इन्कुवेटर | ८. मिल्क केन | ९ फ्लोटिंग फिस फिड मेसिन | १० खुवा बनाउने मेसिन | ११कोल्ड सोकेश (cold show case) | १२ वाटर पम्प |

**आवश्यक शर्तहरुः**

१<u>व्यक्तिगत कृषक,, कृषक समूहका लागि</u>

क. व्यक्तीको हकमा नागरिकता र समूहको हकमा समूह दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
ख. समूहको निर्णय प्रतिलिपी ।
ग. समूहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।
घ. अधिकार प्राप्त पदाधिकारी वा व्यक्तिगत कृषकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोट साईजको फोटो १ प्रति ।
ङ. यदि समूहको कुनै सदस्यले एकल रुपमा कृषि यन्त्र उपकरणहरु लिन चाहेमा समूहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नु पर्ने ।
च. समूहको कुनै सदस्यले कृषि औजार यन्त्र उपकरणहरुको सञ्चालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपी ।
छ. जग्गाधनी पूर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको पूर्जाको प्रतिलिपी वा आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने प्रमाणको प्रतिलिपि तथा ऐलानी जमिनको हकमा प्रमाण खुल्ने कागजातको प्रतिलिपि।
ज. आफूले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए ५ वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपि।

**<u>२. कृषि सहकारी संस्था, नीजि कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको लागिः</u>**

०८२/१२/१०
डा. बिनोद बहादुर कठायत
नि. महानिर्देशक

(१)

क. संस्था वा फर्म, कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

ख. संस्था वा फर्म, कम्पनी नविकरण प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र।

ग. संस्था वा फर्म, कम्पनीको प्यान वा भ्याट प्रमाण पत्रको प्रतिलिपी ।

घ. लेखापरीक्षणको प्रमाणित प्रतिलिपी ।

ङ. आ.व. ०८१।८२ को कर चुक्ता वा म्याद थप प्रमाण पत्रको प्रतिलिपी ।

च. संस्था वा फर्म, कम्पनीको निर्णय प्रतिलिपी ।

छ. संस्था वा फर्म, कम्पनीले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।

ज. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति

झ. संस्था वा फर्म, कम्पनीले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए कम्तीमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपी।

ञ. जग्गाधनी पूर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको पूर्जाको प्रतिलिपी

३ आबेदन दिने उपभोक्ताहरु पशुपालन तथा कृषि व्यवसायमा संलग्न भएको हुनुपर्ने।

४ अपूर्ण तथा अस्पष्ट रुपमा भरिएको आबेदन दर्ता हुने छैन। भुलबस दर्ता भएपनि छनोट प्रक्रियामा समावेश गरिनेछैन।

५ औजार उपकरण खरिद गर्दा यस निर्देशनालयबाट छनोट भएको आपूर्तिकर्ताहरुबाट मात्र यन्त्र तथा उपकरण खरिद गर्नुपर्ने छ।

६ यन्त्र उपकरणहरुको जम्मा मूल्यमा कार्यालयले तोकेको अनुदान मूल्य वाहेकको बाँकी रकम उपभोक्ताले व्यहोर्नुपर्नेछ।

७ अनुदानमा उपलब्ध गराईएका यन्त्र उपकरणहरु,सम्बन्धित कार्यमा मात्र प्रयोग गर्नु पर्नेछ साथै उक्त यन्त्र उपकरणहरु अरुलाई विक्रि वितरण गर्न पाईनेछैन ।

८ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तथा भेटेरिनरी सँग सम्बन्धित आयोजना र यस निर्देशनालय बाट विगत दुई आ.व मा यन्त्र तथा उपकरण लिएको उपभोक्तालाई कार्यक्रमम समाबेश गरिने छैन। साथै विगत २ वर्ष भित्र अनुदानमा यन्त्र औजार उपकरण लिएको छैन भनेर स्वघोषणा पत्र निवेदन साथ समावेश गर्नु पर्नेछ ।

९सम्बन्धित स्थानीय तहको सिफारीस पत्र ।.

१० आवेदन पेश गर्दा अनुदानग्राहीले १ लाख देखि पाँचलाख सम्म अनुदान माग गरेका कार्यक्रमका लागि तीनसय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमको लागि एक हजार रुपैयाँ निवेदन दस्तुर बुझाएको बैंक भौचर पेश गर्नुपर्नेछ ।

नोटः कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७७ प्रथम संशोधन,२०७६का आवेदकहरुले भर्नुपर्ने अनुसूचीहरु यस निर्देशनालयको वेवसाइट http://dolfd.sudurpashchim.gov.np/ बाट पनि डाउनलोड गर्न सकिनेछ।

**राजश्व जम्मा गर्दा देहायः अनुसारको राजश्व दाखिला फाराम भरी राजश्व वुझाएको भौचरको अर्धकट्टि प्रस्तावसँग पेश गर्नुपर्नेछ ।**

**राजश्व खाता रहेको बैंक शाखाः** राष्ट्रिय वाणिज्य वैंक लि. केन्द्रिय कार्यालय

**बैंक खाता नंम्वरः** १०००१००२०००१००००

**प्रयोजनः** लागतसाझेदारीमा कार्यक्रम संचालनका लागि प्रस्तावना पेश गरे वाफत

**कार्यालयको कोडः** ३१२०२७१०१७

**राजश्व शिर्षकः** १४२२९

०८२।१२।१०
डा. बिनोद बहादुर कठायत
नि. महानिर्देशक

(2)

अनुसुची-४ (ख)

(दफा १२(२) सँग सम्बन्धित)

अनुदानमा कृषि औजार, यन्त्र तथा उपकरणहरु प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने प्रस्तावको ढाँचा

मिति: ......................

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
दिपायल डोटी।

विषयः कृषि औजार यन्त्र उपकरणहरु अनुदानमा प्राप्त गर्न तयार पारिएको प्रस्ताव ।

(क) उपभोक्ताको विवरणः

१. नामः .................................. नागरिकता प्र.प.नं. ....................... र जारी मिति ................

२. संस्था दर्ता नं. ................. दर्ता मिति .................... दर्ता गर्ने निकाय ................................

३. स्थायी ठेगानाः जिल्लाः .................. गा.पा/न.पा. ..................... वडा नं. ............ टोल ..........

४. हालको ठेगानाः जिल्लाः ................. गा.पा./न.पा. .................. वडा नं. ............ टोल ..........

५. सम्पर्क मोवाइल नं. ........................... फोन नं. .................... इमेल .................................

६. सम्पर्क व्यक्तीको नामः ................................ पद......................... मोवाइल नं.............

इमेल..........

७. सदस्य संख्याः महिला ................ पुरुष .............. दलित .................. जनजाती ............. अन्य .........

८. लाभान्वित कृषक संख्याः प्रत्यक्ष ................... अप्रत्यक्ष ...................... जम्मा .........................

९. प्राप्त गर्न चाहेको कृषि औजार, यन्त्र तथा उपकरणहरुको विवरणः

| सि.नं. | यन्त्रको नाम | ब्राण्ड | मोडेल | हर्षपावर/साइज | अनुमानित वजार मुल्य रु. | अनुदान माग रकम रु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंछी तथा मत्स्य विकास निर्देशनालय
दिपायल, डोटी

CS CamScanner

१०.प्राप्त कृषि औजार, यन्त्र तथा उपकरणहरुको वाली र क्षेत्र अनुसार गरिने उपयोगः

| सि.नं. | वाली/वस्तु | क्षेत्रफल(विगाहा/कट्ठा/रोपनी)/संख्या | अन्य खुलाउने |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

११.माग गरिएको कृषि औजार, यन्त्र तथा उपकरणहरु माग गर्नुको औचित्य/कारणः

....................................................................................................................................

१२.उपलब्ध भौतिक पूर्वाधारहरु (सिचाई, सडक र विधुत आदी) को अवस्थाः

१३.संस्थाको आर्थिक अवस्था (हितकोष समेत)

१४.उत्पादित कृषिजन्य वस्तुहरुको लागी उपलब्ध वजारहरु तथा हालको विक्रिको अवस्थाः

| | कुल उत्पादन | विक्रि परिमाण | प्राप्त आय |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

१५.कृषि औजार, यन्त्र तथा उपकरणहरु अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान वाहेकको नगद रकम तिरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौं ।

माथि पेश गरेको विवरण ठिक साचो छ, झुठा ठहरिए प्रचलित कानुन वमोजिम कारवाही भएमा सहुँला/वुझाउँला । मलाई/हामीलाई मन्त्रालयबाट व्यवस्था भए वमोजिमको अनुदान उपलब्ध गराई दिन हुन अनुरोध गर्दछु/छौं ।

संस्थाको छाप

निवेदकः

सहीः ..............................

नामः ..............................

पदः ................................

मितिः ..............................

औठा छापः

| दाया | बायाँ |
|---|---|
| | |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय
दिपायल, डोटी

CS CamScanner

रु दशको
टिकट

अनुसूची-४ (क)

(दफा १२(२) सँग सम्बन्धित)

**अनुदानमा कृषि औजार, यन्त्र तथा उपकरणहरु प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने निवेदनको ढाँचा**

मितिः .............................

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
दिपायल डोटी ।

**विषयः कृषि औजार, यन्त्र तथा उपकरणहरु अनुदानमा उपलब्ध गराई पाउँ ।**

मलाई/हामीलाई ........................ बाली/बालीहरुको ................................. कार्यमा उपयोग गर्न कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ अनुसार तहाँ .................. को मिति .......................... को कृषि ज्ञान केन्द्र को सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि औजार, यन्त्र तथा उपकरणहरु अनुदानमा प्राप्त गर्न तोकिएको ढाँचामा प्रस्ताव तयार पारी तथा आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको/गरेका छु/छौं ।

संलग्न कागजातहरुः

१.

२.

३.

निवेदक

दस्तखतः

नामः

पदः

मोवाइल नं.

समुह/संस्थाको नामः

ठेगानाः

समुह/संस्थाको छापः

पासपोर्ट साईजको दुवै कान देखिने फोटो

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंछी तथा मत्स्य विकास निर्देशनालय
दिपायल, डोटी

CamScanner